**मं.प.बै.सं. १३/०८३**

**सम्वत् २०८३ साल साउन १ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मन्त्रिपरिषद्, आर्थिक, सामाजिक तथा पूर्वाधार समितिबाट परिमार्जित ग्रामिण सडक सञ्जाल सुधार आयोजना-अतिरिक्त लगानीको कारणले प्रभावि संरचना (घर, टहरा तथा अन्य भौतिक सम्पत्ति) को क्षतिपूर्ति निर्धारण तथा वितरण निर्देशिका, २०८३ स्वीकृत गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मन्त्रिपरिषद्, कानून, न्याय तथा प्रदेश मामिला समितिबाट परिमार्जित म अघि बढ्छु कार्यान्वयन कार्यविधि, २०८३ स्वीकृत गर्ने।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयः कोशी प्रदेश सार्वजनिक खरिद नियमावली, २०८३ स्वीकृत गर्ने।

**मं.प.बै.सं. १४/०८३**

**सम्वत् २०८३ साल साउन १५ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः आर्थक वर्ष २०८३/८४ का लागि प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, भद्रपुर, झापा र प्रदेश लगानी प्राधिकरणको कार्यालय, विराटनगरको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

२. आन्तरिक मामिला तथा कानून मन्त्रालयः देवानगञ्ज गाउँपालिकामा घटेको घटनाबाट प्रभावितलाई राहत रकम उपलब्ध गराउने ।

**मं.प.बै.सं. १५/०८३**

**सम्वत् २०८३ साल साउन २२ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) नियमावली उपर प्रदेश लोक सेवा आयोगको परामर्श माग गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगुरी, झापाको कार्यकारी निर्देशकमा अनिता गुरागाई, ईटहरी उपमहानगरपालिका वडा नं. ४, सुनसरीलाई नियुक्ति गर्ने।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सुन्दरहरैंचा नगरपालिका, मोरङको केन्द्र हेरफेर गर्न नेपाल सरकारलाई सिफारिस गर्ने।

४. उद्योग, कृषि तथा सहकारी मन्त्रालयः वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन (GEEP) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ खारेज गर्ने।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

५. सामाजिक विकास मन्त्रालयः प्रदेश युवा परिषद्सम्बन्धी विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने।

**मं.प.बै.सं. १६/०८३**

**सम्वत् २०८३ साल साउन २७ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः आर्थिक, सामाजिक तथा पूर्वाधार समितिबाट परिमार्जन भएको कोशी प्रदेश तथ्याङ्क नियमावली, २०८३ स्वीकृत गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कानुन, न्याय तथा प्रदेश मामिला समितिबाट परिमार्जन भएको कोशी प्रदेश वन (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश योजना आयोगका प्रदेश सचिव श्री विष्णु प्रसाद कोइरालालाई सामाजिक विकास मन्त्रालयको प्रदेश सचिव पदमा र सामाजिक विकास मन्त्रालयका प्रदेश सचिव श्री उद्धव प्रसाद रिजाललाई प्रदेश योजना आयोगको प्रदेश सचिव पदमा कामकाजमा खटाउने।

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः शिक्षा विकास निर्देशनालय, धनकुटामा कार्यरत प्रदेश शिक्षा सेवा, शिक्षा प्रशासन समूह, अधिकृतस्तर एघारौं तहका श्री कृष्ण प्रसाद पोखरेलको मिति २०८३/०५/०४ गतेदेखि लागू हुने गरी अनिवार्य अवकाश स्वीकृत गर्ने।

५. आर्थिक मामिला तथा योजना मन्त्रालयः संवत् २०८३ साउन १ गतेदेखि लागू हुनेगरी प्रदेश निजामती सेवा र प्रदेश भित्रका स्थानीय तहमा स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको नयाँ तलबमान एवं प्रोत्साहन भत्ताको रकम कायम गर्ने।

६. सामाजिक विकास मन्त्रालयः कोशी प्रदेश दलित अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई प्रदेश सभामा पेस गर्ने।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*